जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४९ २०८३ साल भदौ २९ गते सोमबार (14 Sep 2026 Monday) मूल्य रु. ५/-

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सडकविहीन बस्तीमा राहतको ... ३ पृष्ठमा : नेपालले पाउनुपर्ने ... ३ पृष्ठमा : ब्रिक्सको प्रभाव र ...

# राजविराज उच्च अदालत बारको अध्यक्षमा बलराम सिंह निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**
राजविराज उच्च अदालत बार एशोसिएसनको अध्यक्ष पदमा बृहत गणतान्त्रिक, लोकतान्त्रिक तथा प्रगतिशील समूह (संयुक्त गठबन्धन) का बलराम प्रसाद सिंह निर्वाचित भएका छन ।

आईतवार विहान घोषित परिणाम अनुसार सिंह १ सय १८ मत ल्याई निर्वाचित भएका हुन । उनका निकटतम प्रतिद्वन्दी बृहत प्रजातान्त्रिक समूहका नविन सिहले ७१ मत प्राप्त गरे । यस्तै अध्यक्ष पदका अर्का स्वतन्त्र उम्मेदवार देव बहादुर कटुवालले ७ मत मात्र ल्याए ।

यस्तै उपाध्यक्ष पदमा बलराम सिंह नेतृत्व कै प्यानलका विनोद बहादुर पाण्डे, सचिवमा पार्वती कुमारी जोशी थारु, सहसहसचिवमा अस्मिता थापा र कोषाध्यक्षमा भोगीलाल यादव निर्वाचित भएका छन ।

कोषाध्यक्ष पदमा भोगी लाल यादव तथा बृहत प्रजातान्त्रिक समूहका उम्मेदवार उपेन्द्र यादव दुबैको मत ९४/९४ भएपछी दुवै समूहका प्रतिनिधीको सहमतीमा गरिएको गोला प्रथाबाट भोगीलाल विजयी भएको निर्वाचन समितिका संयोजक धमेन्द्र यादवले बताए ।

यस्तै कार्य समितीको सदस्यहरुमा बृहत प्रजातान्त्रिक समूहका दिनेश कुमार सिंह, सुरेन्द्र प्रसाद यादव, डा. शिवनारायण यादव तथा संयुक्त गठबन्धनका सतिष कुमार दत्त, दिलिप कुमार यादव, बालकृष्ण कार्की, रामनारायण चौधरी र संतोष कुमार चौधरी निर्वाचित भएका छन ।

केन्द्रिय पार्षदमा बृहत प्रजातान्त्रिक समूहका नारायण प्रसाद साह, डा.देव नारायण यादव, सुधा देव, अशोक कुमार झा तथा संयुक्त गठबन्धनका श्याम कुमार पोखरेल, मनोज देव, बालाकृष्ण ढुंगाना, सत्यनारायण साह र अजय कुमार चौधरी निर्वाचित भएका छन ।

शनिवार विहान ९ बजे देखी सुरु भएको मतदान साँझ ५ बजे सकिएको थियो । त्यसपछी राती ८ बजेदेखी मतगणना सुरु भएको थियो । कुल २ सय १७ मतदाता रहेको बारको निर्वाचनमा १ सय ९९ मत खसेकोमा कुल ११ मत बदर भएको निर्वाचन समितिले जनाएको छ ।

# सुझावलाई प्राथमिकतामा राखेर अघि बढ्ने : मन्त्री पोखरेल



**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मधेसका जिल्लाका विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा शिक्षकर्मीबाट आएको सुझावलाई प्राथमिकतामा राखेर अघि बढ्ने बताएका छन् ।

सुझाव सङ्कलन गर्न राजविराजस्थित रहेको केशो अनिरुद्ध बति माध्यमिक विद्यालय राजविराज पुगेका मन्त्री पोखरेलले सप्तरीसहित मधेसका जिल्लाका विद्यालय पुगेर स्थलगत निरीक्षण गरी विद्यार्थी, अभिभावक, शिक्षक, जनप्रतिनिधिको सुझाव लिएर काम अघि बढाइने बताए ।

तीन दिनदेखि मधेस प्रदेशको यात्रामा रहेको जानकारी दिँदै मन्त्री पोखरेलले नयाँ पाठ्यक्रम निर्माण गर्ने, नयाँ शिक्षा ऐन नियमावली बन्ने क्रममा यथार्थमा आधारित सुझाव लिएर नयाँ पाठ्यक्रम बनाउने योजना रहेको जिकिर गरे । स्थलगत समस्या बुझेपछि समस्या समाधान गर्न सहज हुने भएकाले अन्य प्रदेशमा पनि सुझाव सङ्कलन गरिने मन्त्री पोखरेलले बताए ।

मधेस प्रदेश कृषि विश्वविद्यालयका रजिस्ट्रार डा भगवान ठाकुरको टोलीले मन्त्री पोखरेललाई प्रादेशिक विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालय सरह, विश्वविद्यालय अनुदान आयोगलगायत अन्य निकायसँग सहयोग समन्वय तथा एकीकृत प्रवेश परीक्षा र प्रदेशमा खोलिने कृषि कलेजलाई यसै विश्वविद्यालयअन्तर्गत समावेश गर्न ज्ञापनपत्र बुझाउनु भएको थियो ।

# मधेसमा इन्जिनियरिङ अध्ययनका लागि क्याम्पस खोल्ने तयारी

काठमाडौँ, २८ भदौ (रासस) ।
सरकारले मधेस प्रदेशमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थान (आइओई) को नयाँ क्याम्पस स्थापना गर्ने तयारी अघि बढाएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मधेस प्रदेशमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न र इन्जिनियरिङ अध्ययनका लागि विद्यार्थीले अन्य प्रदेशमा जानुपर्ने बाध्यता अन्त्य गर्न क्याम्पस स्थापना गर्न लागिएको बताउनुभएको हो ।

मधेस प्रदेशबाट प्रत्येक वर्ष ठूलो सङ्ख्यामा विद्यार्थी इन्जिनियरिङ अध्ययनका लागि काठमाडौँलगायत अन्य प्रदेशमा जाने गरेका छन् । यसले विद्यार्थी तथा अभिभावकमाथि अतिरिक्त आर्थिक भार पर्नाका साथै बसाइँ तथा अन्य व्यावहारिक समस्या सिर्जना गर्दै आएको छ ।

मन्त्री पोखरेलका अनुसार नयाँ क्याम्पस स्थापनाका लागि उपयुक्त स्थान छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ । यसका लागि विशेष अध्ययन समिति गठन गरिनेछ र समितिको प्रतिवेदनका आधारमा क्याम्पस स्थापनाको स्थान तय गरिनेछ ।

क्याम्पस निर्माण तथा सञ्चालनको निश्चित समयसीमा तय भइनसकेको भए पनि आगामी तीन वर्षभित्र पठनपाठन सुरु गर्ने गरी आन्तरिक तयारी भइरहेको मन्त्री पोखरेलले जानकारी दिनुभयो ।

नयाँ क्याम्पसलाई परम्परागत शिक्षामा मात्र सीमित नराखी अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित गर्ने सरकारको योजना छ । आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान, आविष्कार तथा व्यावहारिक प्रयोगलाई प्राथमिकता दिँदै क्याम्पसलाई अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने तयारी गरिएको छ ।

सरकारले मधेसमा इन्जिनियरिङ अध्ययन संस्थानको क्याम्पस स्थापना गरेपछि यस क्षेत्रका विद्यार्थीलाई आफ्नै प्रदेशमा गुणस्तरीय प्राविधिक शिक्षा हासिल गर्ने अवसर बढ्ने अपेक्षा गरेको छ । साथै, स्थानीयस्तरमै अनुसन्धान तथा प्राविधिक नवप्रवर्तनको वातावरण निर्माण हुने विश्वास गरिएको छ ।

हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानका आङ्गिक क्याम्पसहरू पुल्चोक, थापाथली, धरान, चितवन र पोखरामा सञ्चालनमा छन् । मधेस प्रदेशमा नयाँ क्याम्पस स्थापना भएमा इन्जिनियरिङ शिक्षाको भौगोलिक पहुँच विस्तार हुने अपेक्षा गरिएको छ ।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २८ भदौ ।**
सुनसरीको इटहरी उपमहानगरपालिका ७ बालग्रामस्थित पूर्व-पश्चिम

*बाँकी अन्तिम पृष्ठमा*

## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षामा सुधार आवश्यक

शिक्षा कुनै पनि समाज र राष्ट्रको विकासको आधार हो । शिक्षाले व्यक्तिलाई ज्ञान, सीप र चेतना प्रदान गर्नुका साथै जिम्मेवार नागरिक निर्माण गर्छ । तर पछिल्लो समय नेपालको शिक्षा क्षेत्रमा अपेक्षाअनुसार सुधार हुन नसक्दा यसको गुणस्तरप्रति प्रश्न उठ्न थालेको छ । विशेषगरी सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, शिक्षकको उपलब्धता र प्रभावकारी व्यवस्थापनका समस्या अझै देखिन्छन् । शिक्षामा सुधारका लागि सबैभन्दा पहिले पढाइलाई केवल परीक्षा र प्रमाणपत्रमा सीमित गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ । विद्यार्थीलाई व्यवहारिक ज्ञान, प्रविधि, सिर्जनशीलता, नैतिकता र जीवनोपयोगी सीपसँग जोड्न आवश्यक छ । शिक्षकलाई नियमित तालिम, आवश्यक स्रोतसाधन र प्रविधिको पहुँच उपलब्ध गराउँदै उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्छ ।

सामुदायिक विद्यालयको अवस्था सुधार नगरी समग्र शिक्षा प्रणाली बलियो बन्न सक्दैन । विद्यालयमा पर्याप्त कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, खानेपानी, शौचालय र सूचना प्रविधिको व्यवस्था हुनुपर्छ । साथै विद्यालयमा हुने राजनीतिक हस्तक्षेप, अनियमितता र कमजोर व्यवस्थापनलाई नियन्त्रण गर्नुपर्छ । सरकारले शिक्षा क्षेत्रमा बजेट बढाउनु मात्र पर्याप्त हुँदैन, विनियोजित बजेटको प्रभावकारी सदुपयोग पनि सुनिश्चित गर्नुपर्छ । स्थानीय तहले विद्यालयको नियमित अनुगमन गर्दै शिक्षक, अभिभावक र विद्यार्थीबीच समन्वय बढाउनुपर्छ । निजी र सामुदायिक विद्यालयबीचको शैक्षिक दूरी घटाउन पनि राज्यले समान अवसर र गुणस्तरीय शिक्षाको वातावरण बनाउनुपर्छ ।

तसर्थ आजको प्रतिस्पर्धात्मक युगमा गुणस्तरीय शिक्षा विलासिता होइन, आवश्यकता हो । त्यसैले शिक्षा सुधारलाई नारामा सीमित नगरी दीर्घकालीन योजना, जिम्मेवार नेतृत्व, दक्ष शिक्षक र प्रभावकारी अनुगमनमार्फत व्यवहारमा उतार्नुपर्छरस । अनिमात्र शिक्षामा गरिएको लगानी देशको भविष्यमा गरिएको सबैभन्दा महत्वपूर्ण लगानी हुनपुग्छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# सडकविहीन बस्तीमा राहतको नयाँ सारथी 'ड्रोन'

**प्रगति ढकाल**
काठमाडौं, २८ भदौ (रासस) ।

आजभोलि रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिकाको आकाशमा ड्रोन उडिरहन्छ बेलाबेलामा । राहत तथा अन्य अत्यावश्यक सामग्री बोकेर उठेको ड्रोन अकाश फर्केर हेर्ने मान्छेहरू छक्क पर्छन् । पहिलापहिला मान्छे र घोडा तथा खच्चडले बोक्ने सामग्री आजभोलि ड्रोनले ओसार्दा स्थानीयको नजर त्यसैमा ठक्क अडिन्छ ।

यही भदौ १० गते रसुवा भोटेकोशी बाढीले भत्किएका सडक र पुल अनि अन्य संरचनाको भग्नाशेषहरू जमिनमा र त्यही जमिनमाथि राहत बोकेर उक्त स्थानमा ड्रोन उडिरहेको देखिन्छ । बाढीले जमिनको बाटो बन्द गरिदिएपछि यही आकाश अहिले दुर्गम बस्तीका लागि राहतको बाटो बनेको छ । भोटेकोशीको भेलले गाउँपालिकालाई बाहिरी दुनियाँबाट लगभग अलग पारेपछि खाद्यान्न, औषधि र ग्यासको अभाव बढ्दै गयो । भोकसँग जुधिरहेका परिवारका लागि ड्रोनले ओसारेको राहत प्रभावित क्षेत्रका लागि ठूलो सहारा बनेको छ ।

यही भदौ १० गतेअघि आमाछोदिङमो गाउँपालिका पुग्दा दृश्य बेग्लै थियो । चारैतिर हरियाली, हिमालको काखमा फैलिएका बस्ती, कलकल बग्ने भोटेकोशी र पर्यटकको चहलपहल । रसुवाको उत्तरी भेगमा पर्ने यो गाउँपालिका धार्मिक तथा प्राकृतिक पर्यटनका लागि परिचित थियो ।

पार्वतीकुण्डबाट नामकरण गरिएको यस गाउँपालिकाको पहिचानलाई चिलिमे, सान्जेन र त्रिशूली जलविद्युत् आयोजनाले देशको ऊर्जा विकाससँग जोडेको थियो । हरेक वर्ष हजारौं नेपाली तथा विदेशी पर्यटक यहाँको प्राकृतिक सौन्दर्य नियाल्न पुग्थे । तर भदौ १० गते आएको भोटेकोशीको बाढीले त्यो परिचय क्षणभरमै बदलिदियो । जहाँ केही दिनअघिसम्म मानिसको चहलपहल थियो, अहिले त्यही ठाउँ उजाड देखिन्छ । सडक छैनन् । विद्युत् सम्पर्क छैन । दुई सयभन्दा बढी नागरिक बेपत्ता छन् ।

यो दृश्य सम्झँदा अझै पनि आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङको मन भक्कानिन्छ । "विपद् भयो । जे हुनु भइसक्यो । अब बाँचेकालाई भोकभोकै राख्नुभएन," उहाँ भन्नुहुन्छ । बाढीपछि गाउँपालिकाको बाहिरी दुनियाँसँगको सडक र विद्युत् सम्पर्क एकाएक टुट्यो । सडक बगेपछि अत्यावश्यक सामग्री गाउँसम्म पुऱ्याउनु सबैभन्दा ठूलो चुनौती बन्यो । खाद्यान्न, औषधि, ग्यासलगायत दैनिक जीवनका अत्यावश्यक सामग्रीको अभाव देखिन थाल्यो ।

एकातिर बाढीले घर, सडक र संरचना बगाएको थियो । अर्कोतिर बाँचेका नागरिकलाई कसरी खाना खुवाउने भन्ने चिन्ताले स्थानीय सरकारलाई सतायो । अध्यक्ष तामाङलाई खाद्यमन्न सङ्कटको पिरलोले सताउन थाल्यो । "खाद्यान्न सङ्कट कसरी टार्ने होला भन्ने ठूलो समस्या थियो । केन्द्र सरकारसँग गुहार्यौं । हेलिकप्टरबाट सामान ल्याउने प्रयास पनि भयो," उहाँ सम्झनुहुन्छ ।

सबै सामान हेलिकप्टरबाट ल्याउन सम्भव थिएन । दुर्गम भूगोल, अवरुद्ध सडक र विपद्ले निम्त्याएको कठिन परिस्थितिका कारण अत्यावश्यक सामान गाउँ-गाउँसम्म पुऱ्याउन निकै कठिन भयो । त्यही कठिन घडीमा ड्रोन प्रविधि राहत ढुवानीका लागि सहयोगी प्रविधि बन्यो । "प्रविधिको विकासले कति सजिलो हुने रहेछ भन्ने अहिले महसुस भयो," अध्यक्ष तामाङ भन्नुहुन्छ, "नत्र त सामान यहाँ ल्याउन धेरै गाह्रो भइरहेको थियो ।"

सडकले साथ छाडेको ठाउँमा आकाशबाट सामान पुऱ्याउन सकिने भएपछि राहत वितरणको स्वरूप नै केही सहज भएको बताउहुन्छ रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारी । "अहिले ड्रोनमार्फत औषधि, ग्यास र खाद्यान्नजस्ता अत्यावश्यक सामग्री ड्रोनमार्फत प्रभावित बस्तीमा पुऱ्याउन थालिएको छ । धेरै सजिलो भइरहेको छ," उहाँले भन्नुभयो ।

**भोटेकोशी बाढीपछि आमाछोदिङमोमा नाकाबन्दीजस्तै अवस्थामा**

भोटेकोशी बाढीपछि आमाछोदिङमो गाउँपालिकामा सडक, विद्युत् र नियमित आपूर्ति सेवाबाट विच्छेद हुँदा नाकाबन्दीजस्तै अवस्थामा पुगेको बताउनुहुन्छ गाउँपालिकाका उपाध्यक्ष चण्डिका तामाङ । "भोटेकोशी बाढीपछि हामी त नाकाबन्दीमा नै परेका छौं । न सडक छ, न विद्युत् । हाम्रो ठाउँ नै अन्धकार बनेको छ," उहाँ भन्नुहुन्छ, "धन्न ड्रोनका कारण वडा नं १ मा राहत ढुवानी गर्न सम्भव भएको छ । धुन्चेबाट अझै टाढा रहेका वडा नं २, ३, ४ र ५ मा भने ड्रोनबाट पनि ढुवानी गर्न सम्भव भएन ।"

तामाङका अनुसार बाढीबाट प्रभावित परिवारलाई हालसम्म एक बोरा मात्र चामल उपलब्ध गराइएको छ । सडक तथा यातायात अवरुद्ध हुँदा अन्य उपभोक्ताले समेत दैनिक उपभोग्य वस्तु अत्यधिक महँगोमा खरिद गर्नुपरेको उहाँको भनाइ छ । रु दुई हजार सात सय पर्ने एक बोरा चामललाई रु ११ हजारसम्म तिर्नुपरेको भन्दै तामाङले महँगीले झन तनाव बढाएको बताउनुहुन्छ । "दैनिक उपभोग्य वस्तुको सहज ढुवानी हुन नसक्दा यहाँ सामान निकै महँगो भएको छ । प्रभावित परिवारको पीडा झन ठूलो छ । अन्य सर्वसाधारणलाई पनि गाह्रो भएको छ," उहाँ भन्नुहुन्छ, "ड्रोन पनि पुग्न नसक्ने क्षेत्रमा वडा नं १ बाट बोकेर लैजान पनि निकै गाह्रो छ । यहाँको पीडा बयान गरेर साध्य छैन ।"

तामाङका अनुसार ढुवानीको असहजताका कारण सामानको मूल्यभन्दा कैयौं गुणा बढी रकम हवाई यातायातमा खर्च गर्नुपर्ने अवस्था छ । "रु २० हजारको सामान ल्याउन रु दुई लाखसम्म तिर्नुपर्ने अवस्था छ," उहाँले भन्नुभयो, "भोटेकोशी बाढीले दिएको महाविपत्तिले हाम्रो स्मृतिमा छाडेको घाउ भने लामो समयसम्म रहने भयो ।"

आमाछोदिङमोको भूगोल आफैंमा चुनौतीपूर्ण छ । गाउँपालिकामा वडा नं १ हाकु, वडा नं २ नेसिङ, वडा नं ३ गत्लाङ, वडा नं ४ गोल्जुङ र वडा नं ५ चिलिमे पर्छन् । सडक र पुल भत्किएका छन् । बाटो पहिरोले पुरिएको छ । कतिपय ठाउँमा उद्धारकर्मीसमेत पुग्न सक्ने अवस्था छैन । यस्तो बेला हेलिकप्टरलाई उद्धार र राहतको मुख्य साधन मानिन्छ । तर, हेलिकप्टर पुग्न नसक्ने ठाउँमा अत्यावश्यक सामग्री पुऱ्याउन अब ड्रोन पनि विपद् व्यवस्थापनको नयाँ सारथी बन्न थालेको छ ।

**समयमा नै अत्यावश्यक सामग्री ढुवानीमा ड्रोनको प्रयोग**

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयले बाढीप्रभावित क्षेत्र नुवाकोटमा पनि हैजाविरुद्धको खोप अभियान सञ्चालनका लागि ड्रोनमार्फत खोप ढुवानी भएको जानकारी दिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले सडक सम्पर्क टुटेको र तत्काल पुनः सञ्चालन गर्न नसकिने अवस्थामा राहत सामग्री लैजान कठिन भएको अवस्थामा ड्रोन प्रविधि ढुवानीका लागि सहयोगी बनेको बताउनुभयो ।

"भोटेकोशी बाढीले रसुवाका विभिन्न क्षेत्रमा ठूलो क्षति पुऱ्याएपछि सडक तथा स्थलमार्गबाट प्रभावित बस्तीमा पुग्न कठिन भइरहेको थियो । कतिपय ठाउँमा हेलिकप्टरबाट समेत सामग्री पुऱ्याउन सहज छैन । यही अवस्थालाई ध्यानमा राख्दै प्राधिकरणले राहत सामग्री ढुवानीमा ड्रोनको प्रयोग थालेको हो," उहाँले भन्नुभयो ।

**एकपटकमा करिब ८० केजीसम्म बोक्नसक्ने क्षमता**

प्राधिकरणका उपसचिव रामबहादुर केसीले धुन्चेबाट हाकुबेँसीसम्म राहत सामग्री पुऱ्याउन चारवटा ड्रोन प्रयोगमा ल्याइएको र ड्रोनले एकपटकमा करिब ८० किलोग्रामसम्म सामग्री बोक्नसक्ने क्षमता राख्ने बताउनुभयो । "विपद्को समयमा सामान्य यातायातका साधन चल्न नसक्ने अवस्थामा यस्तो क्षमताको ड्रोनले राहत वितरणलाई थप सहज बनाएको छ," उहाँले भन्नुभयो, "जहाँ हेलिकप्टरबाट जान सम्भव हुँदैन, त्यहाँ ड्रोनबाट सामग्री पठाउन सहज भएको छ । ड्रोनमार्फत प्रभावित क्षेत्रमा खाद्यान्न, ग्यास, औषधिलगायतका अत्यावश्यक सामग्री पुऱ्याउने काम भइरहेको छ ।"

ग्यास सिलिन्डर तुलनात्मक रूपमा भारी हुने भएकाले हेलिकप्टरबाट ढुवानी गर्दा पनि कठिनाइ भएकाले ड्रोनको प्रयोगबाट निश्चित परिमाणमा राहत सामग्री पुऱ्याइएको प्राधिकरणको भनाइ छ । सामान्यतया ड्रोनलाई फोटो खिच्ने, निगरानी गर्ने वा विपद्को अवस्थाको दृश्य सङ्कलन गर्ने उपकरणका रूपमा बुझिन्छ तर पछिल्लो समय यसको प्रयोग राहत तथा उद्धारमा पनि विस्तार हुँदै गएको छ ।

प्राधिकरणले प्रयोग गरिरहेको ड्रोन भने सामान्य क्यामेरा ड्रोनभन्दा फरक क्षमताको हो । यसले करिब एक सय किलोग्रामसम्मको भार बोक्न सक्छ । प्राधिकरणका अनुसार विपद्का बेला एकैपटक ठूलो परिमाणमा सामग्री लैजान नसके पनि तत्काल आवश्यक पर्ने सामग्रीलाई चरणबद्ध रूपमा पुऱ्याउन सकिने भएकाले यसको उपयोगिता बढेको हो । ड्रोनका कारण ढुवानीको समय बचत गर्नुका साथै मानवीय तथा आर्थिक जोखिमसमेत घटाउने प्राधिकरणको भनाइ छ । ठूलो परिमाणमा राहत सामग्री, घाइते तथा प्रभावित व्यक्तिको उद्धार वा लामो दूरीको ढुवानीका लागि अझै पनि हेलिकप्टर आवश्यक पर्ने प्राधिकरणले जनाएको छ ।

**विपद् व्यवस्थापनमा नयाँ अभ्यास**

नेपालमा विपद्का घटना बढ्दै जाँदा राहत र उद्धार प्रणालीलाई पनि समयअनुकूल बनाउनुपर्ने आवश्यकता बढेको छ । परम्परागत माध्यम मात्रमा निर्भर हुँदा दुर्गम तथा भौगोलिक रूपमा कठिन स्थानमा राहत पुऱ्याउन लामो समय लाग्न सक्छ । भविष्यका सम्भावित विपद् जोखिम व्यवस्थापनका लागि ड्रोनको प्रयोग बढाउन सकेमा छिटो र विकट बस्तीमा समयमै राहत तथा अत्यावश्यक समाग्री ढुवानी गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

विसं २०७२ को गोरखा भूकम्पपछि क्षतिको मूल्याङ्कन, सम्पदा अभिलेखीकरण, पहिरोको नक्साङ्कन तथा पुनर्निर्माणको योजना बनाउन ड्रोनको प्रयोग गरिएको थियो । हिमाल आरोहणका लागि डोरी टाँग्ने (बाटो बनाउने काम) र उच्च आधार शिविरबाट फोहोर ढुवानीमा ड्रोन प्रविधिको प्रयोग गर्न थालिएको छ । पछिल्लो समय ड्रोन प्रविधिले विश्वभर नै सम्भावनाको नयाँ मार्ग देखाएको छ । ड्रोनले खाद्यान्न ढुवानीदेखि लिएर पर्यटन प्रवर्द्धन, एरियल म्यापिङ, सीमा क्षेत्रको निगरानी, वन डढेलो नियन्त्रण, आपतकालीन उद्धारदेखि एयर एम्बुलेन्ससम्मको काममा उपयोगी बनेको छ ।

# नेपालले पाउनुपर्ने जलवायु न्याय

**एकराज पाठक**
काठमाडौं, २८ भदौ (रासस)।

जलवायु परिवर्तनको गम्भीर प्रभावका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त त विश्वसामु छर्लङ्ग नै छ। एकातर्फ जलवायु परिवर्तनका कारकका रुपमा योगदान नै नरहेकोअर्थात् अति नगण्य रहेको भए पनि हामी बारम्बार जलवायुजन्य सङ्कटमा परिरहेका छौँ भने अर्कातर्फ हामी ती सङ्कटसँग जुध्नका लागि पनि आवश्यक स्रोतको अभाव झेलिरहेका छौँ। यो वास्तविकताको पछिल्लो उदाहरण नेपालले भोटेकोशीले निम्त्याएको पछिल्लो प्रलय पेस गर्दा पनि हुन्छ। किनभने हिमनदी बढेर होस् या हिमालमा बनेको हिमताल फुटेर आएको बाढीले अहिले रसुवा र नुवाकोटका कैयौँ बस्ती बढारेको मात्र नभएर ठूलो जनधनको क्षति गराएको छ। जसको प्रकृति र परिणामबारे विश्व नै जानकार छ। नेपाल यस्ता अकल्पनीय बाढी र त्यसले निम्त्याएका विपत्को चपेटामा पर्न थालेको केही वर्ष भयो, यो पनि सबैलाई थाहै छ।

भोटेकोशीको पछिल्लो वितण्डाले एक हजार ३०० भन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी मानिस हराइरहेका छन्। यसलाई पछि जे जस्तो नाम या कारण दिइए पनि अहिले नै सबैको निष्कर्ष जलवायुजन्य विपत् नै हो र यसले अब हिमाली स्रोत भएर बग्ने नदी किनारका बस्तीहरूमा खतराको घण्टी बजाउन थालेको छ। भोलिका दिनमा यो खतरा बढ्दै जाने त्रास अब हाम्रा मन मस्तिष्कमा आउन थालिसकेको छ। यसअघि पनि हामीसँग यस्तो विपत्का कैयौँ उदाहरण छन् जसले हाम्रो जनधनमा ठूलो क्षति पुर्‍याएका छन्। दुई वर्षअघि असोजमा आएको अकल्पनीय वर्षा र बाढी होस् या सोलुखुम्बुको थामे गाउँ बगाएको दुर्घटना। अथवा २०६९ सालमा पोखराको सेतीनदीमा हिँउदको समयमा आएको बाढी नै किन नहोस्। अहिलेसम्मका अनुमान र अनुसन्धानबाट यी सबै जलवायुजन्य जटिलताले निम्त्याएका विपत्ति नै हुन् र जसले आफ्ना मात्रा र स्वरुप निरन्तर बढाउँदै छन्।

भौगोलिक अवस्थिति र विकासको स्तरका कारण पनि नेपाल जलवायुजन्य जोखिममा रहेको छ। हाम्रा उच्च पहाड र हिमालहरूले प्राकृतिक रुपमा जलवायु सन्तुलन कायम गर्दै आएका छन्, अनि हाम्रा नदीहरूको स्रोतमा प्रायः हिमाल नै छ। अहिले आएर तिनै हिमाल एकातिर कालापत्थरमा परिणत हुँदै जाँदा हिमाली बस्ती सङ्कटमा परेको छ भने त्यसका कारण ती हिमाल मुन्तिर बनेका हिमतालले नदी छेउछाउका बस्तीहरूको अस्तित्वमाथि धावा बोल्न थालेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसदलाई सम्बोधन गर्दै नेपालले जलवायु सङ्कट ज्यादै नराम्रोसँग भोगिरहेको बताउनुभएको थियो। उहाँले विश्वले बेलैमा नसोच्ने हो भने नेपाल र यस्तै हिमाली बस्तीहरूको भविष्य दिनप्रतिदिन खतरामा पर्दै जाने बताउनुभएको थियो।

इसिमोडले केही समयअघि सार्वजनिक गरेको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लिँदै जाने हो भने हिन्दकुश हिमालयन क्षेत्रका हिमनदीहरूले यो शताब्दीको अन्त्यसम्ममा अहिलेको भन्दा ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको छ। यसबाट उच्च पहाडी क्षेत्रमा बाढीपहिरो बढ्ने र पूर्वाधारमा क्षति पुग्ने खतरा छँदैछ। यस्तो अवस्था आएमा त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपालमाथि पर्नेछ। यस क्षेत्रमा हाम्रो अवस्थिति र भौगोलिक बनावट अरु देशको भन्दा फरक छ र हाम्रा बस्तीहरू पनि नदी किनारहरूमा विस्तारित छन्। हाम्रो जलाशयअर्थात् नदी सभ्यताका कारण पनि हाम्रो अवस्थिति जोखिमपूर्ण नै छ। यसकारण पनि हाम्रा बस्ती र अवस्थितिमाथि आगामी दिनमा जलवायु परिवर्तनका जटिलताले धावा बोल्ने निश्चित नै देखिन्छ।

पछिल्ला समयहरू यस्ता आउँदै जानेछन् कि जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य, स्वास्थ्य तथा शिक्षा, आवास, सरसफाइ र पानीको अधिकार प्राप्ति र उपभोगमा नै बाधा पुग्नेछ। यसका प्रारम्भिक सङ्केतहरू देखिँदै गएको तथा सबैभन्दा बढी आर्थिक र भौतिक क्षति व्यहोर्ने राष्ट्रको सूचीमा नेपाल अग्रपङ्क्तिमा सर्दै गएको देखिदैछ। हिमनदी पग्लिने, हिमताल फुट्ने, अतिवृष्टी, अनावृष्टी, बेमौसमी बाढी, पहिरो, भूक्षय, खडेरीलगायतका मौसमी प्रकोपहरू भोलि झन बढ्दै जाने देखिन्छ। तर पनि हाम्रो विडम्बना केछ भने यसरी हामीले भोगेका समस्या हाम्रा कारणबाट सृजित होइनन्। विकसित देशहरूले औद्योगीकरण तथा आधुनिक विकासका क्रममा उत्सर्जन गरेको हरित गृह ग्यासले विश्वको जलवायुमा पारेको असरबाट हामीमाथिको यो अवस्था सृजना भएको हो।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि नेपालजस्ता पहाडी तथा अतिकम विकसित मुलुक र साना टापु राष्ट्रहरूमा यसको विषम असर परिरहेको छ। कृषि उत्पादनमा ह्रास आउँदा प्रत्यक्ष मारमा नेपालको कृषि क्षेत्र परिरहेको छ। बीउबिजनको अभाव, समयमा वर्षा नहुने असमयमा हुने, अधिक वर्षा हुने, रैथाने बाली नास हुने, आधुनिक बालीलाई विषादी आदिको प्रयोगको बाध्यताका कारण बढ्दो रोगकिराको प्रकोपजस्ता समस्याको न्याय हामीले कहिले पाउने ? असमयमै आएको बाढीका कारण पोखराको सेती नदीबाट बाढीमा परेर बेपत्ता भएकाहरू हुन् या थामेमा आएको हिमपहिरोका पीडितहरूको पनि जलवायु न्याय पाउने अधिकारमाथि थपिएको छ भोटेकोशीको बाढी। यो बाढीले त हामीलाई यसरी थिचेको छ कि अझैसम्म क्षतिको आकलन नै गर्न सकिरहेका छैनौँ। यस्तो अकल्पनीय क्षति व्यहोर्न बाध्य हाम्रो गल्ती के थियो र ?

कृषिकर्मबाट विस्थापित हुने अवस्था आएपछि देशका युवा उचित आम्दानीको स्रोत खोज्दै सहर पस्न तथा वैदेशिक रोजगारीमा जान बाध्य छन्। वातावरणीय विनाश र बढ्दो अनिश्चितताले युवाहरूमा बेरोजगारी र मानसिक तनाव बढ्दो छ। कति त वासस्थानबाटै पलायन हुन बाध्य छन्। कृषिकर्मप्रतिको अनाकर्षण बढ्दा खाद्यान्न अभाव र भोकमरी हाम्रो सन्निकट छ। हो, यो परिस्थितिका कारण अब हामीले विश्व समुदाय र सरोकारवालाहरूसँग न्याय माग्ने कामलाई तिरन्तर र सशक्त बनाउनुपर्ने छ। हामीले विश्व समुदायलाई भन्नुपर्ने छ कि पछिल्लो वातावरणीय र जलवायुजन्य जटिलतामा नेपालको हिस्सा र कारण के कति छ ? यदि छैन भने हामीलाई नखाएको विष किन लाग्ने ? यो बाध्यतालाई बहसका रुपमा अब हामीले सशक्त रुपमा विश्व समुदायसँग नै कूटनीतिक माध्यमबाट उठाउनुपर्छ।

यसै परिप्रेक्षमा नेपालले दुई वर्षअघि जलवायु परिवर्तनमा राष्ट्रहरूको दायित्वका सम्बन्धमा नेदरल्याण्डस्को हेगस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो अडान राखेको पनि थियो। जलवायु परिवर्तनमा आफ्नो कुनै योगदान नभएको भए पनि बिनाकारण हामीले मार खानुपरेको अवस्थाबारे नेपालका तर्फबाट तत्कालीन परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले राख्नुभएको थियो। त्यस अवसरमा उहाँले नेपालजस्ता पर्वतीय एवं हिमाली राष्ट्रहरूले जलवायु न्याय पाउनुपर्ने विषयमा नेपालको माग जोडतोडका साथ राख्नुभएको थियो। प्रत्येक वर्ष हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनलगायत विभिन्न अन्तरराष्ट्रिय मञ्चहरूमा पनि नेपालले निरन्तर जलवायु परिवर्तन, यसका असर र सोको न्यायका विषयमा आवाज उठाइरहेकै छ। जलवायु परिवर्तनसँग सम्बन्धित अन्तरराष्ट्रिय सहयोगीहरू साथै अघिल्लो वर्षदेखि सञ्चालनमा आएको 'लस एण्ड ड्यामेज फण्ड' लगायतबाट नेपालजस्ता मुलुकहरूले ऋण नभई अनुदान सहायता पाउनुपर्ने नेपालको माग छँदैछ। यसका लागि नेपालले जलवायु कूटनीतिलाई सशक्त बनाउनुपर्छ।

प्रधानमन्त्री वालेन्द्र शाह राष्ट्रसङ्घीय महासभामा सहभागी हुने कुराले पनि नेपालले पाउनुपर्ने जलवायु न्यायको आवाज थप बुलन्द हुने अपेक्षा गरिएको छ। एकातर्फ हामी जलवायुजन्य जटिलताको चपेटामा परिरहने र अर्कातर्फ त्यसको समाधान र क्षतिपूर्तिका लागि न्यूनतम स्रोतको अभाव झेलिरहनुपर्ने दोहोरो मारमा हामी रहेको तथ्य प्रधानमन्त्री शाहले विश्व समुदायसँग जोडतोडका साथ उठाउनुपर्दछ। यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ। र, ठूला दाता राष्ट्र तथा निकायहरूको दया थप जाग्ला र सहायता थप बढ्ला। तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रुपमा लिन चाहन्छौँ। बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ। प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसङ्घीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्नुहुने अपेक्षा छ। जसका लागि जलवायु कूटनीतिलाई थप सशक्त र परिणाममुखी बनाउनु पनि जरुरी छ।

## भोटेकोशी बाढीः अठार विद्यालयमा क्षति

काठमाडौँ, २८ भदौ (रासस)।

भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट र धादिङका १८ वटा विद्यालय प्रभावित भएका छन्। तीमध्ये ११ वटा पूर्ण रूपमा क्षतिग्रस्त हुँदा रु ९३ करोड ७३ लाख बराबरको हानि भएको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र मूल्याङ्कन (आरडिएनए) प्रतिवेदनमा विद्यालयका भवन, शैक्षिक सम्पत्ति गरी उक्त परिमाणमा क्षति भएको हो।

प्रतिवेदनअनुसार १८ वटा विद्यालयका ५६ वटा भवन प्रभावित भएका छन्। जसमध्ये १५२ वटा कोठामा आंशिक र १५६ वटामा पूर्ण रूपमा क्षति पुगेको छ।

स्थानीय तहअनुसार रसुवाको गोसाइँकुण्ड गाउँपालिकामा एउटा विद्यालय प्रभावित भएको छ। उक्त विद्यालयका दुई वटा भवनका ११ वटा कोठा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। मूल्यका हिसाबले यो रु ३.७५ करोड बराबरको क्षति हो।

रसुवाकै उत्तरगया गाउँपालिकामा रहेका तीन वटा विद्यालयका ६ वटा भवनमा ३६ वटा कोठा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। यो करिब रु १२.२९ करोड बराबरको क्षति हो।

नुवाकोटको विदुर नगरपालिकामा रहेका नौ वटा विद्यालय प्रभावित भएका छन्। विद्यालयमा ३२ वटा भवनमा क्षति पुगेकामा ६१ वटा कोठा आंशिक र ८९ वटा कोठा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। जुन रु ३६.६२ करोड बराबर

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## ब्रिक्सको प्रभाव र सहकार्य विस्तार गर्न राष्ट्रपति सीद्धारा पाँच प्रस्ताव

नयाँ दिल्ली, २८ भदौ (रासस/सिन्ह्वा)।

चिनियाँ राष्ट्रपति सी जिनपिङले कृत्रिम बुद्धिमत्ता (एआई), व्यापार तथा लगानी सहजीकरण, डिजिटल उद्योग, स्मार्ट उत्पादन तथा प्रतिभा विकासका क्षेत्रमा 'विस्तारित ब्रिक्स' सहकार्यका लागि पाँचवटा महत्वपूर्ण पहल प्रस्ताव गर्नुभएको छ। नयाँ दिल्लीमा आयोजित ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन सम्बोधन गर्दै राष्ट्रपति सीले 'विस्तारित ब्रिक्स'ले विश्वमा अझ प्रभावकारी भूमिका निर्वाह गर्दै थप विकास हासिल गर्नुपर्ने तथा व्यावहारिक सहकार्यका लागि बलियो आधार निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ। उहाँले उदीयमान बजारमा आधारित तथा ग्लोबल साउथसँग निकट रूपमा जोडिएको आफ्नो विशेषतालाई 'विस्तारित ब्रिक्स'ले प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने बताउनुभयो। साथै, पारस्परिक लाभ र साझा जितका लागि खुलापन तथा सहकार्यलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो। राष्ट्रपति सीले औद्योगिक तथा आपूर्ति शृंखलालाई स्थिर र निर्बाध राख्दै एकीकृत बजारको विकासलाई प्रवर्द्धन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँका अनुसार 'विस्तारित ब्रिक्स'ले नवप्रवर्तनका लागि इन्क्युबेटर स्थापना गर्ने, परम्परागत उद्योगको स्तरोन्नति गर्ने, उदीयमान उद्योगको विकास गर्ने तथा भविष्यका उद्योगका लागि दूरदर्शी योजना निर्माण गर्न आवश्यक छ। उदीयमान प्रविधिले साझा समृद्धितर्फ अघि बढ्ने मार्गलाई उज्यालो बनाउन सक्ने उल्लेख गर्दै राष्ट्रपति सीले प्रविधि, नवप्रवर्तन र प्रतिभा विकासमा आधारित सहकार्यलाई थप सुदृढ गर्न आह्वान गर्नुभएको छ।

## पश्चिम एसियामा तनाव नबढाउन इरान, इराक र टर्कीको आह्वान

तेहरान, २८ भदौ (रासस/सिन्ह्वा)।

इरान, इराक र टर्कीले पश्चिम एसियामा बढ्दो तनावलाई थप चर्किन नदिन तथा क्षेत्रीय द्वन्द्व फैलिनबाट रोक्नुपर्ने आवश्यकतामा जोड दिएका छन्। इरानी विदेश मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिअनुसार, इरानी विदेशमन्त्री सैयद अब्बास अराघचीले शनिबार टर्की र इराकका विदेशमन्त्रीसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गर्नुभएको थियो। टर्कीका विदेशमन्त्री हाकान फिदानसँगको वार्तामा दुवै पक्षले पछिल्ला क्षेत्रीय घटनाक्रमबारे छलफल गर्दै तनाव थप बढ्न नदिन र द्वन्द्व अन्य क्षेत्रमा फैलिनबाट रोक्न आवश्यक कदम चाल्नुपर्नेमा जोड दिए। क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न निरन्तर परामर्श तथा कूटनीतिक प्रयासलाई अघि बढाउने विषयमा पनि उनीहरूबीच सहमति भएको विज्ञप्तिमा उल्लेख छ। त्यसैगरी, इराकका विदेशमन्त्री फुवाद हुसेनसँगको टेलिफोन वार्तामा अराघचीले द्विपक्षीय सम्बन्ध, क्षेत्रीय घटनाक्रम र जारी प्रक्रियाबारे छलफल गर्नुभएको थियो। दुवै पक्षले साझा सीमा क्षेत्रमा सुरक्षा र स्थिरता कायम राख्न तथा आवश्यक समन्वयलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो। साथै, क्षेत्रीय घटनाक्रममा जिम्मेवार दृष्टिकोण अपनाउँदै द्वन्द्व थप चर्किन र फैलिन नदिन संयुक्त प्रयास आवश्यक रहेको बताएका छन्।

## मध्यपूर्वमा तनाव बढ्दा साउदी अरबको सुरक्षा चुनौती गहिरिँदै

रियाद, २८ भदौ (रासस/एपी)।

इरान र उसका क्षेत्रीय सहयोगीहरूबाट बढ्दो सुरक्षा चुनौतीको सामना गरिरहेको साउदी अरबका लागि पछिल्लो अवस्था थप जटिल बन्दै गएको छ। इरानसँग सम्बन्धित क्षेत्रीय समूहहरूको गतिविधि बढ्दै जाँदा साउदी अरबको ऊर्जा पूर्वाधार र विश्व बजारमा तेल तथा ग्यासको आपूर्तिमाथि पनि दबाब बढेको छ। इराकी मिलिसियामाथि आरोप लगाइएका ड्रोन आक्रमणका कारण एउटा प्रमुख तेल पाइपलाइन बन्द गर्नुपरेको छ भने इरानले होर्मुज जलडमरूमध्यमा पनि निरन्तर अवरोध सिर्जना गरिरहेको छ। यी घटनाक्रमले विश्वव्यापी ऊर्जा बजारमा समेत चिन्ता बढाएको छ। लाल सागरको महत्वपूर्ण समुद्री मार्गमा देखिएको जोखिम, पाइपलाइन बन्द हुनु र होर्मुज जलडमरूमध्यमा जारी अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य तथा आपूर्तिबारे अनिश्चितता बढेको छ। विशेषगरी साउदी अरबका लागि अवस्था चुनौतीपूर्ण बनेको छ, किनभने उसको सबैभन्दा महत्वपूर्ण सहयोगी संयुक्त राज्य अमेरिकाको पछिल्लो नीतिलाई लिएर पनि अनिश्चितता देखिएको छ। आगामी अमेरिकी कंग्रेस निर्वाचनलाई ध्यानमा राख्दै ट्रम्प प्रशासनले पहिले नै विवादास्पद र लामो समयदेखि गतिरोधमा रहेको मध्यपूर्व युद्धलाई थप विस्तार गर्न नचाहेको आकलन गरिएको छ।

यसैबीच, हुथीहरूको पछिल्लो प्रगति र प्रमुख पाइपलाइन बन्द हुनुले इरानमाथि विश्वव्यापी आर्थिक दबाब बढाउने रणनीतिलाई पनि बल पुग्न सक्ने देखिएको छ। यद्यपि, होर्मुज जलडमरूमध्यमा इरानको प्रभाव केही कमजोर भएको अवस्थामा क्षेत्रीय शक्ति सन्तुलनमा समेत परिवर्तन देखिन थालेको छ। बाब अल-मन्देब जलडमरूमध्य विश्व व्यापारका लागि अत्यन्त महत्वपूर्ण समुद्री मार्गमध्ये एक हो। यसको आसपासमा सुरक्षा जोखिम बढ्दा एसिया, युरोप तथा मध्यपूर्वबीचको समुद्री व्यापार र ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पर्न सक्ने चिन्ता छ। पछिल्ला घटनाक्रमले साउदी अरबलाई एकैसाथ आफ्नो सुरक्षा, ऊर्जा पूर्वाधार र आर्थिक हितको संरक्षण गर्नुपर्ने दबाबमा पारेको छ। क्षेत्रीय द्वन्द्व थप विस्तार भएमा यसको असर साउदी अरबमा मात्र सीमित नरही विश्वव्यापी तेल बजार र समुद्री व्यापारमा समेत पर्न सक्ने विश्लेषण गरिएको छ।

# शव पहिचानमा प्रहरीका तीन उपाय

अशोक घिमिरे
काठमाडौँ, २८ भदौ (रासस) ।

भोटेकोशी बाढीमा मृत्यु भएका व्यक्तिको शव पहिचानका लागि सङ्कलित नमुनाका आधारमा अहिले विधिविज्ञान प्रयोगशालामा धमाधम डिएनएन परीक्षण भइरहेको छ ।

नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशाला र खुमलटारस्थित नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)को प्रयोगशालामा डिएनए परीक्षण भइरहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले राससलाई जानकारी दिनुभयो ।

शव पहिचानका लागि सङ्कलित डिएनए नमुनामा कुनै त्रुटि नहुने गरी सुक्ष्म रूपमा परीक्षण कार्य अघि बढाइएको छ ।

नेपाल प्रहरीको विशेषज्ञ टोलीलाई सघाउन भारत, चीन, दक्षिण कोरिया र सिङ्गापुरका विज्ञ नेपाल आएका छन् । प्रहरीको विधिविज्ञान प्रयोगशालामा भारतीय र कोरियाली तथा खुमलटारस्थित प्रयोगशालामा भारतीय र चिनियाँ टोलीले सघाइरहेका छन् ।

डिएनए परीक्षणका लागि चार वटा मेसिन सञ्चालन गरिएको छ । सो मेसिनले आवश्यक तयारीपश्चात ९० मिनेटमा एउटा नतिजा निकाल्छ । अर्को नमुनाको परीक्षणका लागि सो मेसिनलाई पूर्ण रूपमा निर्मलीकरण गर्नुपर्ने हुन्छ ।

मृतकको हड्डी र दाँतबाट डिएनए परीक्षण गर्दा चार दिनसम्म लाग्ने विशेषज्ञ चिकित्सकको भनाइ छ । दाँत र हड्डीबाट डिएनए निकाल्दा ती अङ्गलाई धुलो बनाइन्छ । धुलोलाई विशेष केमिकलमा राखेर ७२ घण्टापछि मात्रै प्रक्रियामा लगिन्छ ।

शनिबार अपराह्नसम्म फेला परेका शवको पहिचानका लागि डिएनए नमुना सङ्कलनदेखि आवश्यक प्रक्रिया पूरा गरी एक हजार २३० वटा शव माटोमुनि व्यवस्थापन गरिएको छ । शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ७७९ गरी कुल तीन हजार ६५ वटा डिएनए नमुना सङ्कलन गरिएको छ ।

प्रहरीको प्रयोगशालाको वार्षिक ४०० डिएनए परीक्षण गर्ने क्षमता छ । अहिले दैनिक २५-३० वटा नमुनाको परीक्षण भइरहेको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो । प्रहरीले भदौ १३ गतेदेखि डिएनएको नमुना सङ्कलन गरिरहेको छ । हालसम्म करिब ४०० बढी नमुनाको डिएनए परीक्षण गरिएको छ ।

कतिपय नमुनाको पुनःपरीक्षण गर्नुपर्ने अवस्था आउने विज्ञको भनाइ छ । हड्डी र दाँतको करिब ३० प्रतिशत नतिजा दोहोर्‍याउनुपर्ने हुनसक्ने बताइन्छ ।

फेला परेका शवको नमुनाबाट जतिसक्दो डिएनए परीक्षण गर्नेगरी काम भइरहेको प्रवक्ता काफ्लेले बताउनुभयो । डिएनए परीक्षणलाई तीव्र बनाउन बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडामा पनि प्रयोगशाला सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

"हेटौँडास्थित प्रदेश प्रहरी कार्यालयमा पनि चाँडोभन्दा चाँडो अर्को प्रयोगशाला सञ्चालन गर्दैछौँ, मेसिन ल्याइसकेका छौँ, 'सेटअप' भइरहेको छ, एक हप्ताभित्र सञ्चालनमा आउँछ", उहाँले भन्नुभयो । भोटेकोशी विपद्पछिको खोज, उद्धार, शव पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पहल लिइरहनुभएको छ ।

**डिएनए 'म्याचिङ' गर्न 'कोडिस' सफ्टवेयरको प्रयोग**

फेला परेका शव र हराइरहेकाको नजिकको आफन्तको नमुना सङ्कलन गरेर डिएनए म्याचिङ गर्न 'कम्बाइन डिएनए इन्डेक्स सिस्टम' (कोडिस) सफ्टवेयर प्रयोगमा ल्याइएको छ ।

"मृतकको र आफन्तको डिएनए निकालेर सफ्टवेरमा हालेपछि त्यसले 'म्याचिङ' गर्ने हो", केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले भन्नुभयो । कोडिस अन्तरराष्ट्रिय सफ्टवेयर हो ।

"यो सफ्टवेयरले मृतक र आफन्तको डिएनएको रिपोर्ट राखेपछि त्यो सिस्टमले 'म्याचिङ' भएको देखाउँछ", उहाँले भन्नुभयो, "त्यसपछि सम्बन्धित व्यक्तिलाई आवश्यक कागजातका आधारमा उक्त शव निकालेर अन्तरराष्ट्रिय अभ्यास र कानुनबमोजिम हस्तान्तरण गर्छौं ।"

डिएनए परीक्षणका कामलाई जतिसक्दो चाँडो सम्पन्न गर्न प्रहरीका त्यससम्बन्धी सम्पूर्ण जनशक्ति परिचालित गरिएको छ । प्रहरीका सबै जनशक्तिलाई कुनै पनि बिदा नदिइ २४ सै घण्टा ड्युटीमा खटाइएको छ ।

"डिएनए प्रोफाइलिङमा स्वदेशी तथा विदेशी जनशक्तिको सहयोग लिइएको छ । विदेशी जनशक्ति पनि नेपालमा आएका छन्", उहाँले भन्नुभयो । डिएनए खर्चिलो र समय लाग्ने परीक्षण हो । त्यसका लागि नेपाल सरकारले आवश्यक स्रोत साधनको व्यवस्था गरिदिएको छ ।

मृतकको शव फेला पर्नेक्रम बढिरहेको र आवश्यक उपकरण तथा जनशक्तिको अभावले प्रहरीलाई चुनौती दिइरहेको छ । सातै प्रदेशमा विधिविज्ञान प्रयोगशाला सञ्चालनमा ल्याउन सकिए अहिलेको चुनौती कम हुनेछ ।

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक योगबहादुर पाल बाढी प्रभावित क्षेत्रबाट सङ्कलित मृतक र आफन्तबाट सङ्कलित नमुना आउनेक्रम जारी रहेको बताउनुहुन्छ । "सङ्कलित नमुनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी डिएनए परीक्षणमा अहोरात्र खटिएर कार्य गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

कुनै पनि व्यक्तिको पहिचानका साथै व्यक्तिहरू बीचको जैविक सम्बन्ध स्थापित गर्नका निमित्त डिएनए प्रोफाइलिङ सबैभन्दा प्रभावकारी साधनको रूपमा मानिन्छ ।

**शव पहिचानमा प्रहरीका तीन उपाय**

फेला परेका शव पहिचानका लागि प्रहरीले तीन उपाय अपनाएको छ । प्रहरी प्रवक्ता काफ्ले डिएनए परीक्षण, शवको औँठा छाप र फोटो भिडान गरेर शवको पहिचानको विधि अलम्बन गरिएको सुनाउनुहुन्छ ।

हराएका व्यक्ति र शवको फोटो भिडान गर्न प्रहरीले 'डिजास्टर भिक्टिम आइडिन्टिफिकेसन' सफ्टवेयरसमेत विकास गरेको छ । "केही शवको औँठाछाप निकालेका छौँ, त्यसलाई प्राविधिक रूपान्तरण गरेर कहाँकहाँ हुन सक्छन् भनेर खोजी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

औँठाछाप 'भेरिफाइड' गर्न प्रहरीले राष्ट्रिय परिचयपत्रलगायतको प्रणालीबाट जैविक विवरण लिइएको छ । यो विधिलाई कम खर्चिलो र छरितो मानिएको छ । यद्यपि, हात नभएका तथा गलेका शवबाट औँठाछाप लिन नसकिने प्रहरीको भनाइ छ ।

***भोटेकोशी बाढीः ...***

हो ।

धादिङको गल्छी गाउँपालिकाका तीन वटा विद्यालय प्रभावित भएका छन् । जसमध्ये १० वटा भवनका ७७ वटा कोठा आंशिक र आठ वटा कोठा पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । जुन रु १०.६१ करोड बराबरको क्षति हो । सोही जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा एउटा विद्यालय प्रभावित भएको छ । उक्त विद्यालयको दुई वटा भवनका १२ वटा कोठा पूर्ण रूपमा क्षति भएका छन् । जुन रु ४.१ करोड बराबरको क्षति हो ।

जिल्लाको सिद्धलेक गाउँपालिकामा एउटा विद्यालय चार वटा भवनका १४ वटा कोठामा आंशिक क्षति पुगेको छ । जुन रु १.४३ करोड बराबरको क्षति हो । प्रतिवेदनका अनुसार शैक्षिक सम्पत्तिका रूपमा रहेका रु २४.९३ करोडको क्षति भएको छ । प्रतिवेदनले विद्यालय क्षेत्रको पुनरुत्थानका लागि रु चार अर्ब २३ करोड ३५ लाख खर्च लाग्ने आकलन गरेको छ ।

# रकम कटौती नगर्न आग्रह गर्दै अध्यक्ष ओलीलाई ध्यानाकर्षणपत्र बुझाइयो



काठमाडौँ, २८ भदौ (रासस) ।

छापा माध्यम बचाउ सुझाव कार्यदलले लोककल्याणकारी विज्ञापनबापत उपलब्ध गराइने रकम कटौती नगर्न आग्रह गर्दै नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसमक्ष ध्यानाकर्षणपत्र बुझाएको छ ।

कार्यदलका प्रतिनिधिले आइतबार एमाले केन्द्रीय कार्यालय, च्यासलमा अध्यक्ष ओलीलाई भेटी छापा सञ्चारमाध्यमले भोगिरहेका समस्या र चुनौतीबारे जानकारी गराउँदै लोककल्याणकारी विज्ञापनको रकम कटौती नगर्न आग्रह गरेका हुन् । छापामाध्यमको आर्थिक अवस्था कमजोर बन्दै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको रकम कटौती हुँदा सञ्चारमाध्यमको नियमित प्रकाशन तथा पत्रकारको रोजगारीमा प्रत्यक्ष असर पर्ने कार्यदलले जनाएको छ ।

कार्यदलले छापामाध्यमको संरक्षण र प्रवर्द्धनका लागि राज्यबाट उपलब्ध हुँदै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिन तथा यसको रकम कटौती नगर्न सरकारको ध्यानाकर्षण गराएको छ । नेपाल पत्रकार महासङ्घ, उपत्यका प्रदेश कमिटीका तर्फबाट गठन गरिएको कार्यदलका संयोजक दामोदर दवाडी र प्रतिनिधिले छापामाध्यमको वर्तमान अवस्था, आर्थिक सङ्कट तथा सञ्चार क्षेत्रको दिगोपनाका लागि आवश्यक नीतिगत व्यवस्थाका विषयमा पनि अध्यक्ष ओलीसँग छलफल गरेका थिए । अध्यक्ष ओलीले आफूहरु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं लोककल्याणकारीका पक्षमा रहेको स्पष्ट गर्नुभयो ।

# भदौको करदाता प्रोत्साहन उपहार कार्यक्रम असोजमा घोषणा गरिने

काठमाडौँ, २८ भदौ (रासस) ।

रसुवाको भोटेकोशीमा गएको बाढीका कारण स्थगन गरिएको भदौ महिनाको करदाता प्रोत्साहन उपहार घोषणा आगामी असोज १ गते हुने भएको छ ।

आन्तरिक राजस्व विभागका महानिर्देशक डा भीष्मकुमार भुसालले भदौ महिनाको पुरस्कार घोषणा यही असोज १ गते गरिने जानकारी दिनुभयो । करदातालाई बिल लिन र कर तिर्ने प्रणालीमा अभ्यस्त गराउन नयाँ आर्थिक वर्षको बजेटमार्फत उक्त उपहार कार्यक्रम घोषणा गरिएको थियो ।

साउन १ गतेदेखि सञ्चालनमा आएको उक्त प्रोत्साहन कार्यक्रमअन्तर्गत यही भदौ १६ गते हुने भनिएको पुरस्कार घोषणा भोटेकोशी बाढीका कारण देशमा विपद् आएपछि स्थगन गरिएको थियो ।

महानिर्देशक भुसालले पहिलो चरणमा भदौ १ देखि १५ गतेसम्म बिल-बिजक लिएर विभागको पोर्टलमा दर्ता गराएका तथा अनलाइनमार्फत वस्तु खरिद गरेका उपभोक्तामध्येबाट हरेक दिनको एक जनाका दरले १५ जनालाई एक लाख ३३ हजार ३३४ रूपैयाँका दरले विजेता छनोट गरिने बताउनुभयो ।

भदौ १ देखि १५ सम्म कारोबारमा संलग्न उपभोक्तामध्येबाट एक जनालाई रु १० लाख रूपैयाँ राशिको करदाता बम्पर प्रोत्साहन पुरस्कारका लागि छनोट गरिनेछ । त्यसपछि दोस्रो चरणमा, भदौ १६ देखि ३१ गतेसम्मका १६ दिनका लागि १६ जनालाई रु एक लाख ३३ हजार ३३४ पुरस्कारका लागि छनोट गरिने विभागले जनाएको छ ।

भदौ महिनाको दोस्रो १६ दिनका उपभोक्तामध्येबाट एक जना रु १० लाख राशिको बम्पर विजेता छनोट हुनेछन् । असोज १ गते भदौ महिनाका रु एक लाख ३३ हजार ३३४ का ३१ जना विजेता र रु १०-१० लाखका दुई जना बम्पर विजेता गरी जम्मा ३३ जनालाई करदाता प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ ।

***मोटरसाइकल ...***

लोकमार्गमा आइतबार बिहान मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ५५१४ नम्बरको मोटरसाइकल कल्भर्टमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार इनरुवा नगरपालिका-३ का सागर रेग्मी र पारस थापाको मृत्यु भएको हो ।

गम्भीर घाइते भएका उनीहरूको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रबहादुर खड्काले जानकारी दिए ।

# जलविद्युत् आयोजनामा फसेकाको उद्धार जारी

काठमाडौँ, २८ भदौ (रासस) ।

नेपाली सेनाले भोटेकोशी बाढीबाट विभिन्न जलविद्युत् आयोजनाको सुरुङ तथा विद्युत् गृहमा फसेकाको उद्धारलाई प्राथमिकतामा राखी खोजी गरिरहेको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले रसुवाको स्याफ्रुबेँसीबाट चिलिमे जलविद्युत् आयोजनाको सुरुङसम्म पुग्ने करिब एक किलोमिटर बढी पहुँच सडक निर्माण गरी हराइरहेकाको खोजी जारी राखिएको जानकारी दिनुभयो ।

चिलिमे आयोजनाको सुरुङ क्षेत्रमा ठाउँ साँघुरो हुँदा हेलिकप्टरबाट डोजर झार्न नसकिएकाले पहुँच सडक निर्माण गर्नुपरेको हो ।

सेनाको उद्धार टोली त्यस कार्यमा २४सै घण्टा खटिइरहेको छ । उहाँले भन्नुभयो, "त्यहाँ बाढीले ल्याएको एकदमै बाक्लो लेदो रहेछ, हाम्रो टोलीले रातभरि नै सुरुङ सफा गरिरहेका छन् ।"

सेनाका अनुसार माथिल्लो त्रिशूली-१ बाट हालसम्म चार वटा शव सङ्कलन भएको छ ।

त्रिशूली-३ 'बी'मा र चिलिमेलाई केन्द्रित गरेको उद्धारका प्रयास भइरहेको सेनाले जनाएको छ । त्रिशूली-३ बीमा एक सयभन्दा बढी फौज उद्धारमा खटिइएका छन् ।

यस्तै, चिलिमे आयोजनाको सुरुङमा अहिले नेपाली सेना र भारतीय उद्धारकर्मीले संयुक्त रूपमा उद्धार प्रयास जारी राखेको छन् ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*